निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आयोग
नेपाल
२०२३

प.सं. च.नं./Ref:

मिति : २०७३/१२/१८

# प्रेस विज्ञप्ति

## सम्माननीय राष्ट्रपति तथा निर्वाचन आयोगका पदाधिकारीहरुबीच भेट

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीसँग माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव, माननीय आयुक्तहरु इला शर्मा, नरेन्द्र दाहाल, इश्वरी प्रसाद पौड्याल र सुधीर कुमार शाह तथा आयोगका सचिव गोपीनाथ मैनालीले आज अपरान्ह राष्ट्रपति कार्यालय, शीतलनिवासमा भेट गर्नुभयो ।

भेटका अवसरमा प्रमुख निर्वाचन आयुक्त डा. यादवले २०७४ वैशाख ३१ गते हुने स्थानीय तहको निर्वाचनका लागि भइरहेको तयारीका सम्बन्धमा सम्माननीय राष्ट्रपतिलाई जानकारी गराउनुभएको थियो ।



प्रमुख निर्वाचन आयुक्त डा. यादवले स्थानीय तह निर्वाचनका लागि आवश्यक अन्य सम्पूर्ण तयारीका साथ आयोग अगाडि बढिराखेको बताउनुभयो ।

त्यस अवसरमा सम्माननीय राष्ट्रपतिले निर्वाचन आयोगले स्थानीय तहको निर्वाचनका लागि गरिरहेको तयारीप्रति संतोष व्यक्त गर्नुभयो ।

## निर्वाचन आयोगका पदाधिकारीहरुबाट मतपत्र छपाई कार्यको अवलोकन

माननीय प्रमुख निर्वाचन आयुक्त डा. आयोधीप्रसाद यादव र माननीय आयुक्त नरेन्द्र दाहाल तथा आयोगका सचिव गोपीनाथ मैनाली आजै सानोठिमीस्थित जनक शिक्षा सामग्री केन्द्र जानुभई मतपत्र छपाई कार्यको अनुगमन गर्नुभयो ।

प्रमुख निर्वाचन आयुक्त डा. यादवले केन्द्रमा राम्रो सुरक्षा व्यवस्थाका साथ मतपत्र सुचारुरुपले छपाई भइरहेकोमा प्रशन्नता समेत प्रकट गर्नुभयो ।

(सूर्य प्रसाद शर्मा)
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np

“फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।”